कथा परिवर्तनको

# भाडाको जग्गामा तरकारी खेतीमार्फत आयआर्जन गर्दै दलित महिलाहरू




रूपा विश्वकर्मा

आर्थिक रूपमा सवल वर्ग विस्तारै कृषि पेशाको विकल्पका रूपमा अन्य पेशा अपनाउँदै गरेको पाईन्छ । जसको कारण एकातिर यो वर्गको स्वामित्वमा रहेको जग्गा बाँझो रहँदै आएको छ भने अर्कोतिर उब्जाउ जमिनमा पहुँच नभएकै कारण आर्थिक रूपले विपन्न समुदाय कृषिजन्य उत्पादनमा संलग्न हुन सकिरहेका छैनन् । यस्तो अवस्थामा जग्गा नभएकाहरूले जग्गा हुनेबाट जग्गा भाडामा लिएर व्यावसायिक खेती गर्न सकेको खण्डमा उब्जाउ हुने जमिनको समूचित प्रयोग हुनाका साथै विपन्न समुदायले कृषि उत्पादनमार्फत जिविकोपार्जनमा सुधार ल्याउन सक्छन् । साथै जग्गाधनीले समेत त्सबाट प्रत्यक्ष लाभ लिन सक्छन् । यही कुरालाई ध्यानमा राखी सल्यान जिल्लाको कालीमाटी गाउँपालिका वडा नं ३ का २० जना जाँगरिला महिलाहरूले स्थानीय सरकार तथा विभिन्न सहयोगी सङ्घ–संस्थाहरूको सहयोग तथा समन्वयमा जग्गा भाडामा लिई व्यावसायिक रूपमा तरकारी खेती गरी उदाहरणीय काम गरेका छन् ।

यी महिलाहरूले आफूसँग जग्गा नभएकै कारण कृषक समूहको सदस्य बन्न पाएका थिएनन् । विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाहरूबाट पाउने सहयोग तथा अनुदानबाट समेत वञ्चित हुनुपरेको थियो । दैनिक गुजारा चलाउन ज्याला मजदुरी गर्नुपर्ने बाध्यता रहेका यी दलित महिलाहरूले वि. सं. २०७५ भदौमा कालिमाटी गाउँपालिकामा कृषक समूह दर्ता गरी २६ रोपनी जग्गा भाडामा लिई व्यावसायिक तरकारी खेती गर्न थालेपछि उनीहरूको आर्थिक अवस्था र जिविकोपार्जनमा सुधार आएको हो । उनीहरूले उत्पादित तरकारीहरू गाउँमै रहेको कृषि उपज सङ्कलन केन्द्रमार्फत बजारीकरण गर्दै आएका छन् ।

स्थानीय भावना विश्वकर्माका श्रीमान वैदेशिक रोजगारीका लागि विदेशमा छन् । श्रीमानको कमाई राम्रै भएता पनि आफू स्वंयले पनि केहि आय–आर्जनसम्बन्धी गतिविधीमा सहभागी हुनुपर्छ भन्ने सोचका साथ उनले सिलाईकटाई (टेलरीङ) पसल खोलिन् । यद्यपि, टेलरीङबाट सोचेजस्तो

आम्दानी हुन भने सकेन । टेलरीङमा कामको चाप नहुने हुँदा उनको प्रायजसो समय बच्ने गर्थ्यो । बचेको समय केमा लगाउने भनी सोचिरहेका बेला व्यावसायिक तरकारी खेतीमा संलग्न भई उनले बचेको समयको सदुपयोग त गरेकी छिन् नै, यसबाट अतिरिक्त आयआर्जन समेत हुने गरेको छ । अचेल भावना विहान बेलुकाको समय तरकारी बारीमा र दिउँसोको समय टेलरमा भेटिन्छिन् । उनी भन्छिन्,"व्यावसायिक तरकारी खेतीले हामीलाई निकै व्यस्त बनाएको छ र आम्दानी समेत राम्रो हुन थालेको छ ।"

भावनाको घर छेउमै तरकारी सङ्कलन केन्द्र खुलेपछि उनमा तरकारी खेती गर्ने ईच्छा जागेको हो । तर तरकारी खेती गर्ने उपयुक्त जग्गा नहुँदा के गर्ने न कसो गर्ने भएकी थिइन् । 'जहाँ इच्छा त्यहाँ उपाय' भने जस्तै घर छेउमै जग्गा भाडामा पाएपछि तरकारीखेती गर्ने उनको ईच्छा साकार भयो । भावनाले करिव दुई रोपनी जग्गामा टनेल बनाई बोडी, भिण्डी, सिमी, बन्दा, गोलभेडा जस्ता तरकारी बालीहरू लगाउँदै आएकी छिन् । चारजनाको परिवारले खाएर बाँकी रहेको तरकारी बिक्री गरी पहिलो वर्षको एकै सिजनमा १२ हजार रूपैंया कमाउँन भावना सफल भइन् । पहिले अरूका अगाडी बोल्न समेत धक मान्ने भावना, समूहमा संलग्न भई काम गर्न थालेपछि उनको आत्मवल बढ्नुका साथै नेतृत्व गर्ने क्षमतामा समेत विकास भएको उनी बताउँछिन् ।

१८ जना महिला सदस्यहरू रहेको ढोरेनी कवुलियती व्यावसायिक तरकारी समूहको अध्यक्ष बन्न भावना तयार छिन् । उनी २२६ जना सदस्य रहेको श्री कालिमाटी रामपुर कृषि बजार प्रवद्र्धन समितिको उपाध्यक्ष पदमा चयन भई सङ्कलन केन्द्रमार्फत कृषि उपजहरूको सङ्कलन तथा बजारिकरणमा क्रियाशिल छिन् । वि.सं. २०७५ पुस महिनामा कालिमाटी गाउँपालिकाले आयोजना गरेको कृषि मेला तथा प्रर्दशनीमा आयोजित कृषक हाजिरी जवाफ प्रतियोगितामा प्रथम र उत्कृष्ट व्यावसायिक तरकारी उत्पादन गर्ने किसान मध्ये दोस्रो पुरस्कार प्राप्त गरेपछि आफ्नो हौसला अझ बढेको भावनाले बताइन् ।

भावना जस्तै, हरिकला परियारले पनि दैनिक ज्याला मजदुरीको विकल्प तरकारी खेतीलाई बनाएकी छिन् ।



भावना विश्वकर्मा

"आफ्नो उब्जनी गर्ने जग्गा जमिन छैन । अरु कामका सीप पनि त्यती जानेकी थिइन । मौसमी ज्याला मजदुरी गरेर दैनिकी चलाउन निकै गाह्रो थियो । अहिले भाडाको जग्गामा शुरु गरेको तरकारी खेतीबाट प्राप्त आम्दानीले दैनिकी चलाउन सहज भएको छ ।" हरिकलाले हर्षित हुँदै आफ्नो मनका कुरा खोलिन् । पहिलो पटक ठूलो परिमाणमा तरकारी उब्जाए पनि लगानी धेरै नभएको र मात्र तीन महिनाको अन्तरालमा १५ हजार रूपैंया कमाउँदा निकै खुशी भएकी थिइन्, हरिकला । दैनिक काम खोज्दै भौंतारिनु नपर्ने, बालबच्चाको उचित हेरचाह हुने र राम्रो आम्दानी समेत हुने भएकाले जग्गा बढाएर व्यावसायिक तरकारी खेतीमा लाग्ने योजना हरिकलाले बनाएकी छिन् । उनी कृषक समूहका हरेक छलफल र बैठकमा नियमित उपस्थित भई सक्रीय सहभागीता समेत जनाउँछिन् ।

भावना र हरिकला जस्तै रूपा वि.क. विभिन्न सङ्घ–संस्थाबाट प्रदान हुने सेवा, सुविधा र अनुदानमा केवल टाठाबाठाहरूको मात्र पहुँच हुन्छ भनी सोच्दथिन् । अहिले उनको सोच बदलिएको छ र भन्छिन्, "कृषक समूहमा सदस्य बनेर भाडाको जग्गामा तरकारी खेती गर्न शुरु गरेपछि विभिन्न सङ्घ–संस्थाहरूबाट बीउ, मल,



बजारिकरणका लागि टिपिएका ताजा तरकारीहरू

टनेलका लागि बाँस र प्लास्टिक साथै प्राविधिक सल्लाह पाएकी छु ।" समूहका दिदिबहिनीहरूका हौसलामा व्यवसायिक तरकारीखेती शुरु गरेकी रूपाले चार–पाँच महिनाको अवधिमा नै तरकारी बेचेर १६ हजार रूपैंया कमाउन सफल भएकी छिन् ।

गाउँका दिदिबहिनी मिलेर कृषक समूह खोल्ने क्रममा भोलि केही गाह्रोसारो पर्दा सहज होला भनेर समूहमा नाम लेखाएकी गङ्गा वि.क. पछि सामूहिक तरकारी खेतीमा समेत संलग्न भइन् । यसरी तरकारी उत्पादन गरी, बेचेर कमाई गर्न सकिएला भनेर उनले सोचेकी पनि थिइनन् । शुरुमा उनले यो काम असम्भव छ भनी समूह छाड्ने सोच समेत बनाएकी थिइन् । "समूहका दिदिबहिनीका हौसला र सहयोगले पुनः सोही जग्गामा तरकारी रोपे । बारीमा राम्रो तरकारी फल्दा समेत कतै तरकारी बिक्रि नभई बारीमै कुहिने पो हो की भन्ने डर पनि थियो । तर, सङ्कलन केन्द्रले बारीबाटै तरकारी उठाई नजिकको बजारसम्म लगेर बिक्रि गरी उठेको रकम घरमै पठाई दिँदा औधी खुशी लागेको थियो । आट्यो भने चाहेको काममा सफलता हासिल गर्न सकिने रहेछ भन्ने कुराको पनि सिकाई भयो ।"

समूहमा काम गर्ने बानीले व्यक्तिलाई सामाजिक बनाउँदै जान्छ भन्ने गतिलो उदाहरण हुन मायादेवी सारु । उमेरले ५५ पुगेकी सारु नयाँ सोच राख्छिन् । आफू जनजाती समुदायको सदस्य भएता पनि दलित कृषक सदस्यको बाहुल्यता रहेको समूहको सदस्य बनी व्यावसायिक तरकारीखेतीमा संलग्न छिन् । उनी शुरुवाती समूह गठनका दिन सम्झँदै भन्छीन्, "समूह गठन गरियो । भाडामा जग्गा, बीउबिजन समेत पाइयो तर तरकारी खेति गर्न जग्गा तयार गर्ने बीउ रोप्ने पहिलो व्यक्ति आफू मात्र हुँदा कतै समूहका सदस्यहरूले काम नगर्ने पो हुन् की भन्ने चिन्ताले सताएको थियो । समूहको बाँकी सदस्यले तरकारी रोप्ने कुनै सुरसार नगरेपछि आफूले यो भन्दा पहिले गरेको तरकारी खेतीको अनुभव सुनाए र जानेको कुरा सिकाउँदै गएपछि त सबै सदस्यले खेती गर्न सफल भयौ ।" २६ रोपनी जग्गामा २० जना कृषकले सँगै खेती गरी एकै सिजनमा विभिन्न जातका तरकारी उत्पादन गर्दा प्रति व्यक्ती थोरै उत्पादन हुँदा पनि हप्ताको दुई दिन ४–५ सय केजी तरकारी सजिलै जम्मा हुन्छ । जसले गर्दा बिक्रीको लागी निकै सहज भएको उनको अनुभव छ ।

साथै, कालिमाटी कृषि बजार प्रर्वद्धन समितिको सदस्य भएकाले उत्पादित तरकारीको बजारीकरणमा कुनै झन्झट छैन । तरकारी व्यवसायबाट राम्रो आम्दानी लिन सकेकोमा निकै खुसी भएकी मायादेवी आफू मात्रै होईन समूहका सबै सदस्य सँगसँगै अगाडी बढ्नुपर्छ भन्दै समूहका अन्य सदस्यहरूलाई उत्प्रेरणा दिन्छिन् ।

यहाँ उल्लेख भएका पाँच महिला कृषकहरू प्रतिनिधि पात्र मात्र हुन् । बाँकी १५ जना महिलाहरू पनि व्यावसायिक तरकारी खेतीमा उत्तीकै सक्रिय छन् । पहिले धान र मकै

लगाउने खेतहरूमा अहिले रहर लाग्दो तरकारीबाली देख्न सकिन्छ । व्यावसायिक तरकारी उत्पादनको पहिलो अनुभवमै घरमा खाएर, आफन्तहरूलाई दिएर पनि ११,९३० केजी तरकारी बिक्रि गरी ४ लाख १२ हजार २ सय पचाँस रूपैंया आम्दानी गर्न सफल भएका छन् । मासिक ५० रूपैँया बचत गरी समूहमा रु २४ हजार रूपैयाँका अलावा स्थानीय सहकारीहरूमा पनि आम्दानीको केही अंश बचत गरेका छन् । परियोजनाले गरेको एक सर्वेक्षणले तरकारी उपभोगमा विविधता बढ्नुका साथै पारिवारीक पोषण र आय–आर्जनको अवस्था सुधारोन्मुख भएको पाईएको छ ।

समाजमा हुने असल प्रयासहरूले समाजमा सकारात्मक प्रभाव पार्दछ भन्ने कुराको ज्वलन्त उदाहरण हुन् ढोरनी बहुउद्देश्यीय कृषि समूहका सदस्य, कुल बहादुर रेउले । होटल व्यावसायमा रहेका उनले व्यस्त समयका बावजुद समूहका अर्का सदस्य कुल बहादुर रोकासँगको साझेदारीमा करिव ४ लाखको लगानीमा २७ रोपनी जग्गामा व्यावसायिक तरकारी खेती शुरु गरे । उनको समूहले २७ रोपनी जग्गा प्रति रोपनी वार्षिक ६,००० रूपैंयाका दरले भाडा तिर्ने गरी दश वर्षका लागि लिएर खेती गरिरेहेका छन् । पहिलो सिजनमा १ लाख रूपैंया कमाउन सफल भएको उनको समूह अर्को वर्षमा लगानी उठाएर नाफा लिनेमा विश्वस्त छन् । हाल उनको खेतमा काक्रा, गोलभैंडा, खुर्सानी, बन्दा, भ्यान्टा, भिन्डी, सिमी, काउली र मकै छन् । उनीहरूको यो प्रयासमा कालिमाटी गाउँपालिकाबाट प्राप्त दुई लाख रूपैंया सहयोगले थप हौसला थपेको छ । उनीहरूले सो सहयोग रकमबाट पक्की टनेल र थोपा सिंचाई निर्माण गरेका छन् ।

शुरुवाति दिनमा समूहको महत्व बुझाउन, सदस्यहरूलाई छलफल र बैठकमा सक्रिय रूपमा सहभागी गराउन मुस्किल थियो । आफ्नो जग्गा नभएको अवस्थामा भाडाको जग्गामा खेती गरेर नाफा लिन सकिन्छ भन्ने कुरामा विश्वस्त पारी समूह परिचालन गर्न चुनौतिपूर्ण थियो । यद्यपी, नियमित भेटघाट छलफल, सहयोग र अनुगमनले सुखद परिणाम प्राप्त भयो । यो समूहलाई तीन गैरसरकारी संस्थाहरू दलित सेवा सङ्घ, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली–बर्ड) र ग्रामिण पुनर्निमाण संस्था नेपालले आर्थिक तथा प्राविधिक सहयोग गरेका थिए ।

विकास कोष नर्वेको आर्थिक सहयोगमा सञ्चालित Livelihood Improvement of Soclliay Excluded Community (LISEC) परियोजनामार्फत दलित सेवा सङ्घ, सल्यानले समूह गठन, दर्ता तथा पाँचौ वर्षमा सम्पूर्ण भाडा खर्च किसान आफैले व्यहोर्ने शर्त बमोजिम २६ रोपनी जग्गा भाडामा लिन पहिलो वर्ष शतप्रतिशत दोस्रो बर्ष ७५ प्रतिशत तेस्रो बर्षमा ५० प्रतिशत र चौथो बर्षमा २५ प्रतिशत अनुदान उपलब्ध गराउनुको साथै मल, टनेल बनाउन बाँस तथा प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

सल्यान जिल्लाका सिमान्तकृत समूहका लागि जीवीकोपार्जन सुधार परियोजना मार्फत ली–बर्ड र आरआरएन नेपालले टनेल, प्राविधिक सहयोग, पहिलो चरणमा शतप्रतिशत र दोस्रो र तेस्रो चरणमा ७५ प्रतिशत अनुदानमा तरकारीका बीउहरू उपलब्ध गराउनुका साथै वित्तिय पहुँच विस्तार र उत्पादीत वस्तुको बजारीकरणमा सहयोग गरेका थिए । साथै, यी किसानहरूको क्षमता विकास उत्पादन वृद्धि, आर्थिक अनुशासन विकास र बजारीकरणसम्बन्धी विभिन्न तालिम तथा अवलोकन भ्रमणमा समेत संस्थाहरूको सहयोग थियो । यस परियोजनालाई आर्थिक सहयोग तथा विकासका लागि सङ्घिय मन्त्रालय जर्मनी (BMZ) तथा वेल्टहङ्गरहील्फे (WHH) ले आर्थिक सहयोग गरेका थिए । तीन वर्ष अवधिको यो परियोजना २०७२ कात्तिक देखि २०७६ वैशाखसम्म सल्यान जिल्लाका कालिमाटी गाउँपालिका, त्रीवेणी गाउँपालिका र बनगार्ड कुपिन्डे नगरपालिकामा ली–बर्ड, आरआरएन नेपाल र आसमान नेपालको साझेदारीमा कार्यान्व्यनमा आएको थियो ।

तयारकर्ता: श्याम लाल वि.क., कार्तिकलाल चौधरी, र युवराज गुरुङ, ली–बर्ड